नगरसभाबाट स्विकृत मति २०७७/०३/१०

# कमलामाई नगरपालिका

## विनियोजन ऐन, २०७७

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश

# कमलामाइ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सिन्धुली

# विनयोजन ऐन २०७७

कमलामाई नगरपालिका, सिन्धुली को आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नगर सभाबाट स्वीकृत मिति : २०७७/०३/१०

**प्रस्तावना :** कमलामाई नगरपालिका, सिन्धुलीको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कमलामाई नगरपालिका, सिन्धुलीको नगर सभाले यो ऐन स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कमलामाई नगरपालिका, सिन्धुलीको विनियोजन ऐन , २०७७" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित अनुमानित कुल आय तथा व्यय अनुसूची २ मा राजश्वको अनुमान तथा अनुसूचि ३ मा व्ययको कार्यक्रमगत विवरण ( चालू खर्च, पूँजिगत खर्च ) र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ***रु. ११६४७१२६६०/ (एक अर्व सोह्र करोड सड्चालीस लाख बार हजार छ सय साठी मात्र)*** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त कमलामाई नगरपालिका, सिन्धुलीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृत बजेट तथा कार्यक्रमलाइ विभिन्न क्रियाकलापहरुमा विभाजन गरी कार्यान्वयन गर्न वा सो सम्बन्धमा थप स्पष्ट पार्नुपर्ने अवस्था देखिएमा नगरकार्यपालिका कार्यालयबाट नै गर्न सकिनेछ ।

(५) थप आम्दानी तथा खर्च गर्ने सम्बन्धमा यस नगरपालिकाबाट स्वीकृत आम्दानी भन्दा बढी हुने गरी कुनै श्रोतबाट आम्दानी प्राप्त भएमा नगरकार्यपालिकाबाट नै आम्दानी जनाउने र निर्णय गरी खर्च गर्न सकिनेछ । यसरी गरिएको आम्दानी र खर्च सो पश्चात बस्ने नगरसभामा अनुमोदनकालागि पेश गर्नुपर्ने छ ।

(६) विश्वव्यापी रूपमा देखिएको कोरोना रोग र सोका कारण मुलुक नै लकडाउनमा परि अत्यावश्यक बाहेकका कामकारवाही ठप्प भएको कारण ठेक्कापट्टाबाट सम्पन्न गर्नुपर्ने योजनाहरुको कामकारवाही समेत रोक्का भइ कार्यसम्पन्न हुन नसकेको कारण संलग्न अनुसूचि बमोजिमका योजनाहरुलाइ बहुवर्षीय योजनाको रुपमा रुपान्तरण गरी आ. ब. २०७७/७८ मा पनि निरन्तरता दिइ रकम खर्च गर्न सकिनेछ ।

(७) बुदा न. ६ मा उल्लेखित योजनाहरुमध्ये कतिपय योजनाहरु सघ र प्रदेशको समेत सहभागिता रहेको तर सघ र प्रदेशको सशर्त , समपुरक तथा विशेष अनुदान तर्फको र स्थानीय साझेदारी तर्फको योजना आर्थिक वर्ष २०७७/७८ मा निरन्तरता हुने नहुने भन्ने स्पष्ट निर्देशन नआइसकेकको अवस्थामा उक्त कार्यमा सो रकम वरावरको दायित्वका लागि श्रोत सुनिश्चितता अन्तर्गत रकम विनियोजन गरीएको छ । उक्त सघ, प्रदेश र स्थानीय विकास साझेदारी तर्फको चालु आर्थिक वर्ष

२०७६/७७ को रकम फ्रिज नभइ निरन्तरता दिइ प्राप्त भएमा श्रोत सुनिस्चितका लागि विनियोजन गरिएको रकमबाट प्राथामिकता क्रममा सलग्न अनुसूचि ३ (छ) बमोजिमका कार्यक्रममा खर्च गरिनेछ ।

## अनुसू च १

## आ.ब.२०७७/७८ को बजेट तथा कार्यक्रमको लागि प्रस्तावित श्रोत अनुमान तथा खर्च

| आय | | | व्यय | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | रकम रू. | सि.नं. | शीर्षक | रकम | |
| १ | अ.ल्या. मौज्दात | ५०००००००० | १ | चालु संचालन तथा प्रशासनिक खर्च समेत | १९९९००००० | |
| २ | आन्तरिक श्रोत | ४८५०००००० | २ | पुंजीगत संचालन तथा प्रशासनिक खर्च समेत | ३७९०००००० | |
| ३ | वित्तीय समानिकरण संघ | १७४५००००० | ३ | आर्थिक बर्ष २०७६/७७ को कार्यक्रम तथा योजनाको लागि श्रोत सुरक्षित | १००००००००० | |
| ४ | राजश्व बाडफाड संघ | १३९८१३६६० | ४ | विषयगत चालु कार्यक्रम | ५२५०००००० | |
| ५ | सर्शत अनुदान संघ | ४४३९००००० | ५ | सडक बोर्ड लगायत विभिन्न म्याचिग फण्ड कार्यक्रम | १०००००००० | |
| ६ | विशेष अनुदान संघ | २५०००००० | ६ | सवारी साधन फोहोरमैला र व्याक हो लोडर खरिद | १०००००००० | |
| ७ | वित्तिय समानिकरण प्रदेश | १०९९७००० | ७ | संघ विशेष अनुदान कार्यक्रम | २५०००००० | |
| ८ | राजश्व बाडफाड प्रदेश | ७५३८५००० | ८ | संघ सर्शत अनुदान कार्यक्रम | ४४३९००००० | |
| ९ | प्रदेश समपुरक अनुदान | २९९९३००० | ९ | प्रदेश सर्शत अनुदान कार्यक्रम | १९५२४००० | |
| १० | प्रदेश सर्शत अनुदान | १९५२४००० | १० | प्रदेश समपुरक अनुदान कार्यक्रम | ५९९८६००० | |
| ११ | मालपोत रजिष्ट्रेशन | ३०००००००० | ११ | क्रमागत बहुवर्षीय योजनाहरू | ७०००००००० | |
| १२ | बेरूजु असुली | १६०००००० | १२ | प्रदेश समपुरक तर्फका थप कार्यक्रम/योजना | २०००००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | बाडफाड प्राप्त हुने विज्ञापन कर | ५००००० | १३ | संघ समपुरक तर्फका कार्यक्रम/योजना | ३००००००० | |
| १४ | दहत्तर बहत्तर बाडफाड | १५०००००० | १४ | नगद लागत सहभागिता | ३००००००० | |
| १५ | क्रमागत बहुबर्षीय चालु रहेका योजनाहरूको अल्या रकम | ७००००००० | १५ | विभिन्न पुजीगत कार्यक्रमहरू | ४६५०२६६० | |
| १६ | नगद लागत सहभागिता | ३००००००० | १६ | विभिन्न चालु कार्यक्रमहरू | ९५००००० | |
| | **जम्मा** | **११६४७१२६६०** | | **जम्मा** | **११६४७१२६६०** | |